बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८१।०९।२८ मा बन्दीपुर गाँउपालिकाको आ. व. २०८१/०८२ को दशौ कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारका एजेन्डा माथि छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

तपशिलः

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

एजेन्डा

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा
२. बन्दीपुर गाउँपालिका भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि- २०८१
३. विविध

मितिः २०८१।०९।२८ को कार्यपालिका बैठकका निर्णयहरु

| निर्णय संख्या | निर्णयसंग सम्बन्धित शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | प्रशासन | अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु उपर छलफल गरी समीक्षा गरियो । |
| २. | प्रशासन | पशुपंक्षी तथा मत्स्य विकास शाखामा रिक्त रहेको एक पालिका एक भेटेरीनरी डाक्टर अन्तर्गत पशु चिकित्सक पदमा करार सेवावाट पदपूर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो । |
| ३. | गाउँसभा | मिति २०८१।०९।०७ बाट सुरू भएको गाउँपालिकाको हिउँदे सभाको अन्तिम तथा तेस्रो बैठकमा पहिलो बैठकमा पेश भएको बन्दीपुर गाउँपालिका भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि-२०८१ लाई कार्यपालिकामा थप छलफलको आवश्यकता देखिएकोले विधायन समितिका संयोजक श्री बलबहादुर गुरूङबाट फिर्ता गर्ने निर्णय गरियो । |
| ४. | प्राविधिक शाखा | Construction of Mukundeshwori Padmarga/Mini Great wall(Contract ID: BRM/NCB/Works/25/2077/078) ठेक्का म्याद थप गरी २०८२।०३।३१ सम्म कायम गर्ने निर्णय गरियो । |
| ५. | स्वास्थ्य शाखा | बार्षिक बजेट कार्यक्रम शिर्षकमा रहेको रु. ३० लाख बजेट मध्येबाट ल्याव मेशिन तथा रिएजेन्ट खरिद कार्यका लागि रु १० लाख विनियोजन गर्ने निर्णय गरियो । |
| ६. | कृषि विकास शाखा | बन्दीपुर वडा नं. १ निवासी प्रभा देवी भट्टको ४ रोपनी १ आना खेतमा लगाएको धानबालीमा Bacterial Panicle Blight नामक रोगबाट क्षति पुग्न गएको र उक्त क्षतिको प्राविधिक इस्टमेटका आधारमा आ.व. २०८१/०८२ को कृषि विकास तर्फ विनियोजित बजेट कार्यक्रम आकस्मिक प्रकोप व्यवस्थापन शिर्षकबाट रु २१,८२४।– (अक्षरूपी एक्काइस हजार आठसय चौबिस रूपैया) निज कृषकलाई क्षतिपूर्ती प्रदान गर्ने निर्णय गरियो । |
| ७. | शिक्षा शाखा | बन्दीपुर -१ मा अवस्तथित पवित्र माध्यामिक विद्यालयमा कक्षा ११ मा ऐच्छिक विषय Hotel Management सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो । |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरेन्द्र बहादुर थापा
अध्यक्ष